नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सिंहदरवार

## राष्ट्रिय समाचार समिति र नेपाल टेलिभिजनका सम्बन्धमा भएको छलफल सम्बन्धी

## प्रेस विज्ञप्ती

नेपाल सरकार, मन्त्रिपरिषद् मिति २०७५/२/३१ को निर्णयबाट राष्ट्रिय समाचार समितिको पूर्णकालिन अध्यक्ष पदमा नियुक्त श्री हरिहर अधिकारी "श्यामल" र नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष पदमा नियुक्त डा. महेन्द्र विष्ट तथा ति संस्थाका महाप्रवन्धकहरुसँग सञ्चार तथा सूचना प्रविधि मन्त्रीज्यू तथा मन्त्रालयका पदाधिकारीहरुका विच उक्त संस्थाहरुका बारेमा छलफल भयो । सो छलफल कार्यक्रममा माननीय मन्त्रीज्यूबाट राष्ट्रिय समाचार समिति र नेपाल टेलिभिजनबाट हालका दिनहरुमा सञ्चालन भई रहेका विभिन्न कार्यक्रमहरु तथा सेवाहरुका गूणस्तर, विद्यमान भौतिक संरचना, चल अचल सम्पत्तिहरु, मानविय लगायत सम्पूर्ण श्रोत साधनहरुका सम्बन्धमा अध्यक्ष र महाप्रवन्धकहरुलाई आवश्यक निर्देशन दिनु भयो । माननीय मन्त्रीज्यूबाट तत् तत् संस्थाहरुको कार्यवातावरण र सेवाग्राहीले महशुस गर्न सक्ने प्रकृतिको सुधार आवश्यक रहेको, दुवै संस्थाहरु राष्ट्रिय विचार निर्माण गर्ने थलो भएको, राष्ट्रिय महत्वका विषयहरुलाई अन्तराष्ट्रिय क्षेत्रमा समेत परिचित गराउन, सम्पादित कार्यहरुको नियमित अनुगमन गरिनुपर्ने, आफ्ना प्रतिस्पर्धीहरुसँगको प्रतिस्पर्धात्मक क्षमताको विकास गर्न निर्देशन दिनुभयो । सो क्रममा मन्त्रालयका सचिव महेन्द्रमान गुरुङ्गले राष्ट्रिय समाचार समिति र नेपाल टेलिभिजन दुवै आत्मनिर्भरता र व्यवसायीकता तर्फ उन्मुख हुनु जरुरी भैसकेको, न्यून खर्चमा अधिकतम सूचना प्राप्त गरेर गूणस्तरीय सेवा दिनु पर्ने भन्नु हुँदै मन्त्रालयबाट आवश्यक सहजीकरणको भुमिका गर्ने बताउनु भयो । उक्त कार्यक्रममा अध्यक्ष र महाप्रवन्धकहरुले नेपाल सरकारको समृद्ध नेपाल र सुखी नेपालीको सपना साकार बनाउन सरकार र मन्त्रालयको नीति, निर्देशन बमोजिम स्वतन्त्र पत्रकारीताको भावना बमोजिम काम गर्न आफुहरु मन, बचन र कर्मले लाग्ने अठोट व्यक्त गर्नुभयो ।

**प्रवक्ता**

**२०७५ असार ५, मंङ्गलवार** — **सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**